म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ३०७ २०८० असोज १६ गते मंगलबार 3 October 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरुबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दु:ख–कष्ट वा अनावश्यक ढिलासुस्ती,झण्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागी कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## राजनीतिक परिवर्तनले समृद्धि हुन सकेनः गृहमन्त्री श्रेष्ठ



समाज संवाददाता

हेटौंडाः नेपाल सरकारका उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले देशमा राजनीतिक परिवर्तनको निर्देशनअनुसार समृद्धि हुन नसकेको बताउनुभएको छ । सोमबार मकवानपुरबाट प्रसारित रेडियो सन्देश १०६.९ मेगाहर्ज, निकास साप्ताहिक र अनलाइन मिडिया थाहा नेपाल डटकमको वार्षिकउत्सव कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले यस्तो बताउनुभएको हो ।

नेपालमा राजनीतिक परिवर्तनअनुसारको परिवर्तन नभई जनताको आवश्यकता पूरा हुन नसकेको बताउँदै समृद्ध मुलुक आजको आवश्यकता भएको उहाँले बताउनुभयो । सञ्चार माध्यम लोकतान्त्रिक परिवर्तनलाई संस्थागत गर्ने माध्यम भएको धारणा राख्दै नेपालको लोकतान्त्रिक आन्दोलनमा मिडियाले महत्वपूर्ण योगदान पुर्‍याएको उहाँले बताउनुभयो । सरकारको तर्फबाट गृह मन्त्रालयले सुशासनको अभियान अगाडि बढाएको उहाँले दावी गर्नुभयो ।

देशमा ६ दशकपछि जनयुद्ध, जनआन्दोलनपश्चात् संघीय लोकतान्त्रिक गणतन्त्र र संविधान कार्यान्वयन गर्न सकिएको भन्दै मन्त्री श्रेष्ठले वर्तमान सरकार सुशासन, समृद्धि र सामाजिक न्यायको मूल सिद्धान्त लिएर अगाडि बढेको दाबी गर्नुभयो । उहाँले वर्तमान सरकार आएपश्चात् मन्त्रीहरुले हिसाब देखाउन नपर्ने गरी गर्ने गरेको खर्चको कटौती गरेको दाबी पनि गर्नुभयो । आफूले प्रहरीहरुको सरुवा बढुवामा भएको आर्थिक चलखेल र नेताको घर धाउने प्रवृत्तिको अन्त्य गरेको जानकारी गराउँदै प्रहरी प्रशासनले आन्तरिक सुशासनको बलमा मात्रै सेवा प्रदान गर्ने खालको वातावरण सिर्जना गरेको उहाँको दावी छ ।

यसैगरी उहाँले वर्तमान सरकारले जनताको हितमा काम गरेको बताउँदै मिटरब्याज पीडितहरुका लागि सरकारले ऐन नै निर्माण गरेर कार्य अगाडि बढाएको बताउनुभयो । वर्तमान सरकारको मुख्य काम सामन्तवादको अन्त्य गर्नुभएको मन्त्री श्रेष्ठको भनाइ छ । वर्तमान सरकारले देशमा भइरहेको भ्रष्टाचारको अन्त्य गर्न लागिपरेको बताउँदै भुटानी शरणार्थी काण्ड, ललिता निवास काण्ड र सुन तस्करी काण्डलाई अनुसन्धान गरी संलग्नलाई कारबाही गर्न सफल भएको बताउनुभयो । उहाँले सरकारको मुख्य उद्देश्य खाडीमा गएका युवाहरुलाई स्वदेशमै स्वरोजगार बनाउनु भएको उहाँले दावी गर्नुभयो । उहाँले राष्ट्रिय सर्वभौमिकता र राष्ट्रिय एकता बलियो बनाउन सम्पूर्ण नागरिकलाई अपिलसमेत गर्नुभयो ।

कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले संविधानमा भएको व्यवस्थाअनुसारको अधिकार प्रदेश सरकारले नपाएको बताउनुभयो । गठबन्धन सरकारले ६ महिनामा प्रहरी समायोजन गर्ने भनेता पनि त्यसो गर्न नसकेको बताउनुभयो । प्रदेश सरकारसँग अधिकार नहुँदा चाहेर पनि सञ्चार माध्यमलाई सहयोग गर्न नसकेको उहाँले बताउनुभयो । कार्यक्रममा रामचन्द्र खड्का स्मृति सिर्जनशील पत्रकारिता पुरस्कारबाट पत्रकार निकास साप्ताहिकका सम्वाददाता शम्भु अधिकारीलाई सम्मान गरिएको थियो ।

रेडियो सन्देश सञ्चालक संस्थाका अध्यक्ष सुनिल खड्काको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामालगायतको उपस्थिति रहेको थियो ।

### मातेको घुमुवा प्रहरीको अवरोध

## प्रहरी कार्यालय अगाडि नै महिलाको मृत्यु



*जिल्ला प्रहरी कार्यालय मकवानपुर अगाडि एम्बुलेन्स भित्र चिरमायाको शव ।*

समाज संवाददाता

हेटौँडाः मादक पदार्थ सेवन गरी सादा पोशाकमा रहेका एक घुमुवा प्रहरीले अवरोध गरेपछि जिल्ला प्रहरी कार्यालय अगाडि एक महिलाको मृत्यु भएको छ । काठमाडौंमा उपचार सम्भव नभएपछि घर फर्कँदै गरेका मकवानपुरको बकैया गाउँपालिका-१, धोबीडाँडाकी मुटुरोगी ५६ वर्षीया चिरमाया लोको सोमबार बिहान करिब ४ बजेको समयमा जिल्ला प्रहरी कार्यालय अगाडि एम्बुलेन्समै मृत्यु भएको हो ।

काठमाडौंबाट लोलाई लिएर आएको परिवार र आफन्त हेटौँडा-४, रानीदरबार अगाडि काठमाडौंबाट आएको टाटासुमोलाई छाडेर अर्को टाटासुमोमा चढ्न लाग्दा मादक पदार्थ सेवन गरी मात्तिएको अवस्थामा घुमुवा सहायक प्रहरी हवलदार डिल्लीराम सिवकोटीले लोलाई लिएर आएको एम्बुलेन्स र टाटासुमोमा के गर्न लागेको भनी सोधीखोजी गर्दै हप्कीदप्की गर्न थालेपछि केहीबेर स्थिति असहज बनेको थियो ।

पेस्तोल समेत बोकेका सिवाकोटीसँग विवाद बढेपछि सुरक्षागस्तीमा खटिएको प्रहरी टोलीले मुटुरोगी लो र उनको परिवारलाई नै लिएर जिल्ला प्रहरी कार्यालय पुगेको थियो । काठमाडौंमा उपचार सम्भव नभएपछि चिरमायालाई लिएर घर फर्केका २ जना छोरा, २ जना छोरी, २ जना ज्वाइँ, श्रीमान् अर्का एक आफन्तले चिरमायालाई घर पुर्‍याउनै पाएनन् । अक्सिजनको अभावमा प्रहरी कार्यालय अगाडि नै चिरमायाले देह त्याग गरिन् । मादकपदार्थ सेवन गरी चिरमाया र उनका परिवारलाई अवरोध गर्ने प्रहरी सहायक हबल्दार सिवाकोटीलाई प्रहरीले उपचारका लागि भरतपुर रेफर गरेको छ ।

गृहमन्त्री हेटौँडा आएकै राती प्रहरीको अवरोधका कारण एम्बुलेन्समै विरामीको मृत्यु भएको घटनामा मकवानपुर प्रहरीले कुनै किसिमको प्रतिक्रिया दिन चाहेको छैन । उल्टै गृहमन्त्रीको सुरक्षा व्यवस्थामा व्यस्त रहेको बताइरहेको छ । बिरामीको मृत्युको घटनालाई लिएर राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरले प्रहरी कार्यालयमा सोमबार ध्यानाकर्षण गराएको छ । प्रहरीले घटनालाई गुपचुप राख्ने प्रयास गरिरहेको छ ।




सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

दरवार एग्रोमार्टको
दशैं
बम्पर अफर
१० असोज देखि कार्तिक ११ गते सम्मको अवधिमा एक पटकमा ५०००।- वा सो भन्दा बदी रकमको सामाग्रीहरू खरीदमा लक्की-ड्र मार्फत ३ जोडीलाई पुरस्कार वितरण गरिने छ ।
पुरस्कारहरू
- १ दिन सौराहा टुर प्याकेज
- २ जोडी लाई डिनर प्याकेज

## हस्तकला ग्रामसम्बन्धी विधेयक प्रदेशसभामा पेश गर्ने निर्णय

समाज संवाददाता

हेटौंडाः बागमाती प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले हस्तकला ग्राम स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक २०८० प्रदेशसभामा पेश गर्ने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री एवम् सरकारका प्रवक्ता गंगानारायण श्रेष्ठले जानकारी दिनुभयो ।

मन्त्रिपरिषद् बैठकले संगठन संरचना तथा दरबन्दी स्वीकृत तेरिज गर्ने निर्णय गरेको छ । यस्तै, प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश २०७७ संशोधन सम्बन्धमा आवश्यक कार्य गर्ने, प्रदेश प्रशिक्षण प्रतिष्ठान विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने र चलचित्र विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

## प्रदेशसभा वैठकमा घम्साघम्सी, वैठक अबरुद्ध

समाज संवाददाता

हेटौंडाः प्रदेश प्रमुखले प्रदेशसभामा फिर्ता गरिदिएको चिठ्ठा विधेयक सोमबार सरकारले पुनः ल्याएको भन्दै प्रदेश सभामा नेकपा एमालेबाट निर्वाचित सदस्यहरुको अवरोधपछि प्रदेशसभा वैठक अबरुद्ध हुन पुगेको छ ।

सरकारका तर्फबाट प्रदेश आर्थिक मामिला मन्त्री बहादुर लामाले विधेयक पेश गर्दैगर्दा प्रतिपक्षी दलका प्रदेश सभा सदस्यहरुले रोष्टम घेराउ गर्दै नाराबाजी गरेपछि प्रदेशसभा वैठक रोकिएको हो । वैठकमा नाराबाजी गर्ने सांसदहरु र मर्यादापालकबीच केहीबेर घम्साघम्सी परेको थियो । त्यसपछि सभामुख भुवन पाठकले वैठक स्थगितको घोषणा गर्नुभएको थियो । यसअघि वैठकमा प्रमुख प्रतिपक्षी दलका नेता जगन्नाथ थपलियाले विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराउनुका साथै उक्त चिठ्ठा विधेयकको तीब्र आलोचना गर्नुभएको थियो । त्यसपछि प्रदेश सभा सदस्यहरुले उठाएका विभिन्न प्रश्नहरुबारे मुख्यमन्त्री शालिकराम जमरकट्टेलले जवाफ दिनुभएको थियो ।




हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## सम्पादकीय

# मूल्यवृद्धि नियन्त्रण

आम नेपालीहरु अहिले चौतर्फी मूल्यवृद्धिको चपेटामा परेका छन् । सरकारले आफ्नो दनिकीलाई सहज बनाउने आशामा रहेका नेपालीहरु अहिले निराश भएका छन् । दैनिक आवश्यकताका वस्तुदेखि सबै खालका वस्तु तथा सेवाको मूल्यवृद्धि भइरहेको छ । कतिपय वस्तु तथा सेवामा भइरहेको अस्वभाविक मूल्यवृद्धिले आम नेपाली आहत बनेका छन् । मूल्यवृद्धिका कारण देशमा आर्थिक मन्दीको अवस्था बनिरहेको छ । सबै खालका आर्थिक गतिविधि सुस्ताएको छ । व्यापार–व्यवसाय, उद्योगधन्दा, सेवामूलक क्षेत्र सबैखालका आर्थिक क्षेत्र संकुचित बनिरहेको छ । आम नेपालीको आम्दानी घट्दो छ भने बजारमा सबै प्रकारका वस्तुको मूल्य बढ्दो छ । यसले मुलुकको अर्थतन्त्रमा पनि नकारात्मक प्रभाव पारिरहेको छ । पछिल्लो समय डिजल, म तिल, पेट्रोल, हवाइ इन्धन तथा खाना पकाउने एलपी ग्यासमा भएको मूल्यवृद्धि थप समस्या भइरहेको छ ।

पेट्रोलियम पदार्थको आयात र बिक्री वितरणको एकलौटी अधिकार पाएको नेपाल आयल निगमले स्वचालित मूल्य प्रणाली लागू गरेपछि प्रत्येक दुई हप्तामा पेट्रोलियम पदार्थको मूल्य वृद्धि भइरहेको छ । यसैका पछिल्लो शृंखलाको रुपमा गत शनिबार रातिदेखि लागू हुनेगरी पेट्रोल, डिजल, म तिल, हवाइ इन्धन र एलपी ग्यास सबैमा मूल्यवृद्धि भयो । अन्य पेट्रोलिमय पदार्थको तुलनामा एलपी ग्यासमा चर्को मूल्यवृद्धि भएपछि यसको चोतर्फी आलोचना भयो । चाडपर्वको मुखमा इन्धनमा मूल्यवृद्धि भएपछि त्यसको नकारात्मक प्रभाव सबैतिर पर्ने भएकाले चौतर्फी आलोचना भएको हो । मूल्यवृद्धि भएको भोलिपल्टै सरकारले मूल्यवृद्धि फिर्ता लिन आयल निगमलाई निर्देशन दिएपछि यसपटकको मूल्यवृद्धि फिर्ता भयो । तर, करिब दुई महिना अघिदेखि लागू भएको स्वचालित मूल्य प्रणालीका कारण आयल निगमले पेट्रोलियम पदार्थमा पटक पटक मूल्यवृद्धि गरिसकेको हुँदा सबै प्रकारका इन्धनको मूल्य अन्य देशको भन्दा बढी छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढिरहेको र भारतीय आयल कर्पोरिसनसँग खरिद गर्नेक्रममा बढेको मूल्यसँग नेपाल आयल निगमले स्वचालित मूल्य प्रणालीको आधारमा मूल्य बढाउँदै लगेपछि अहिले पेटोलियम पदार्थको मूल्य निकै वृद्धि भइसकेको छ ।

पूर्ण सरकारी स्वामित्व रहेको नेपाल आयल निगमले आफ्नो व्यवस्थापन र वितरण प्रणालीमा सुधार नगरी विभिन्न कारणहरु देखाएर मूल्यवृद्धि गर्ने गरेको छ । पेट्रोलियम ढुवानीकर्ता र बिक्रेतालाई उच्च नाफा दिएरै आयल निगमले मूल्यवृद्धि गर्दै आएको छ । आयल निगमले अनावश्यक खर्च कटौती गर्ने, वितरण प्रणालीमा सुधार गर्ने, ढुवानीकर्ता तथा पेट्रोलियम बिक्रेताको कमिशन कटौती गर्ने र सरकारले लिँदै आएको विभिन्न प्रकारका करको भार कम गर्ने हो भने अहिलेभन्दा निकै कम मूल्यमा इन्धन बिक्री गर्न सकिन्छ । नेपाल आयल निगमले भारतीय आयल कर्पोरिशनसँग १ सय ३ रुपैयाँमा खरिद गरेको पेट्रोल उपभोक्ताले किन्दा १ सय ८३ रुपैयाँ तिनुपर्छ । यस्तै, १ सय १८ रुपैयाँमा खरिद गरेको डिजेल उपभोक्ताले किन्दा १ सय ७३ रुपैयाँ पर्छ । यो अवस्थामा निगमलाई पेट्रोलमा २ रुपैयाँ २९ पैसा फाइदा र डिजेलमा २ रुपैयाँ ४ पैसा घाटा भइरहेको छ । एक लिटर पेट्रोलमा भन्सार, मूल्यअभिवृद्धि कर र अन्य कर गरेर सरकारले मात्रै ६२ रुपैयाँ लिने गरेको छ । साथै ढुवानी भाडा र बिक्रेताको नाफामात्र प्रतिलिटर १२ रुपैयाँभन्दा बढी रहेको छ ।

पेट्रोलियम पदार्थको आपूर्ति र वितरणमा प्रभावकारिता ल्याउनुको साटो मूल्यवृद्धिमात्र गरिरहँदा आयल निगम र सरकारप्रति आम नेपालीमा आक्रोश बढ्नु स्वभाविक हो । पेट्रोलियम पदार्थमा मूल्य बढ्दा त्यसको प्रभाव धेरै क्षेत्रमा पर्छ । सार्वजनिक यातायात र ढुवानीमा हुने मूल्य वृद्धिसँगै त्यसको असर र प्रभाव चौतर्फी पर्छ नै । पेट्रोलियम पदार्थमा मूल्य बढ्दा हरेक वस्तु र सेवाको मूल्य बढ्नेमात्र नभई खाना पकाउने ग्यासमा मूल्यवृद्धि हुँदा त्यसको प्रत्यक्ष असर प्रत्येक नेपालीको भान्सामा पर्छ । पटक–पटक इन्धनको मूल्यवृद्धि भइरहने, व्यवसायीले जथाभावी मूल्य बढाउँदासमेत सरकार मूकदर्शक बनेर बस्ने हो भने मुलुकको अर्थतन्त्र डामाडोल हुन बेर लाग्दैन । आम नेपालीको हित र सुविधाका लागि सरकारले पछिल्लो पटकको पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता गराएपनि थप राहत दिन अझै मूल्य कम गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा–८, कमाने
सम्पर्कः ९७४५०२८५५५

**मेष** : जिम्मेवारी र कर्तव्यप्रति सचेत हुँदा राम्रो ।
**वृष** : व्यापार– व्यवसाय मध्यमकारक रहने समय छ ।
**मिथुन** : आत्मबल प्रतिष्ठा र हौसला बढ्ला ।
**कर्कट** : इष्टमित्रको सहयोगले काममा पूर्णता ।
**सिंह** : निर्णायक काममा भने द्विविधा हुने छ ।
**कन्या** : साँझेदारी कामबाट लाभ प्राप्त हुने समय छ ।
**तुला** : रोकिएका कामहरु बन्ने समय योग छ ।
**वृश्चिक** : सामाजिक र परोपकारजन्य काममा सरिक ।
**धनु** : व्यवसायमा नयाँ गति प्राप्त हुने समय छ ।
**मकर** : ताकेका र चिताएका कामहरु बढ्नेछन् ।
**कुम्भ** : अड्किएका धन राशि पुनःप्राप्ति होला ।
**मीन** : व्यापार– व्यवसायका कामहरु मध्यमकारक होलान् ।

# एउटा डाक्टरको आध्यात्मिक रुपान्तरण



✍ शिव मुखिया

आँखा खोल्दा दुनियाँदिवाना देखिन्छ ।

मान्छे र उसका महत्वकांक्षा देखिन्छ । पैसा र त्यसको भोक देखिन्छ । सुखसयल र त्यसको आसक्ति देखिन्छ । करियर र त्यसको प्रतिस्पर्धा देखिन्छ ।

अनि आँखा चिम्लंदा ?

आफैंलाई देखिन्छ । म को हुँ ? आफूभित्रको विराट स्वरुप खोज्न थालिन्छ ।

चिकित्सा विज्ञानको एउटा डाक्टर लाई कुन क्षण यस्तो बोध हुन्छ ? जब ऊ दुःखमा पर्छ । मनमा खडेरी पर्छ । जीवन उराठ लाग्न थाल्छ । अनि संसार खोत्रो र सारहीन लाग्न थाल्छ ।

आखिर उनी कसरी दुःखमा परे ? कसले उनलाई दुःखी बनायो ?

यो प्रश्नको उत्तर सुन्नुअघि हामी त्यहाँको परिवेशबारे बताउँछौं । टोखा रोडको आडमा एउटा भवन छ । प्रवेशद्वारमा लेखिएको छ– अमृतम् गमयः ।

केही तला उक्लिएपछि चिटिक्क परेको वातानुकूलित कोठामा प्रवेश गरिन्छ । कोठाको दायाँतिर 'अमृतम् गमयः' लेखिएको छ, जहाँ योग–साधना र आत्मिक संसारको विचरण गराइन्छ । बायाँतिर 'आदि ईएनटी सेन्टर' लेखिएको छ, जहाँ अत्याधुनिक उपकरणबाट स्थूल शरीरको शल्यक्रिया एवं उपचार हुन्छ ।

### विज्ञान र अध्यात्मको संयोजन

हामी विज्ञानले सुसज्जित कक्षमा बसेर अध्यात्मका कुरा गरिरहेका छौं । सेतो एप्रोन पहिरिएका र गर्दनमा स्टेथोस्कोप झुन्ड्याएका प्रा.डा. दीपक रेग्मी 'आँखा खोल्दाको' स्थितिमा आफ्नो जीवन–भोगाइ कस्तो थियो भनी सुनाइरहेका छन् ।

'त्यसबेला भएभरका सबैले मलाई दुःख दिएको जस्तै लाग्थ्यो । कसैले माया गर्दैनन्, सबैले खेदो खन्छन् यस्तै लाग्थ्यो' उनी सम्झन्छन्, 'करिब करिब म डिप्रेसनको स्थितिमा थिएँ ।'

जीवनमा त्यस्तो ठूलै आपत् त आइलागेको थिएन । डाक्टरी पेशा छँदै थियो । साथसाथै चिकित्सा शिक्षा पनि पढाइरहेकै थिए । १५ सय हाराहारी विद्यार्थीलाई डाक्टर बनाए । भौतिक सेवा–सुविधा अपुग थिएन । घर–गाडी छँदै थियो । ज्यानलाई सञ्चै थियो । रोगव्याधिले छोएको थिएन ।

'तैपनि मलाई लाग्थ्यो' उनी भन्दै गए, 'म रित्तो छु, खोक्रो छु ।' यही एउटा विशद सोचले निदहराम गरिदिएको थियो ।

चिकित्सा विज्ञानको ३५ वर्षे करियरमा उनले भौतिक शरीर मात्र पढे । घाउ, चोट, रोगको कारण, त्यसको निदान र उपचार पढे । तर, आज किन आफ्नै मन विमार छ ?

### स्वस्थ शरीरको अनेक आयाम

चिकित्सा विज्ञान स्थूल शरीरको वरिपरि मात्र फन्को लगाइरह्यो । कसैको मुटु ठीक छ वा छैन, फोक्सोले कसरी काम गरिरहेको छ, मिर्गौलामा कुनै हानि त पुगेको छैन नि, पेट एवं कलेजोमा क्षति भएको छैन ।

एउटा रोगी शरीर औषधि र शल्यक्रियाले निको हुन्छ भनेर पढे । तर, उनको रोग त स्पर्श र स्नेहले पो चाडै बिसेक हुन्छ भनेर पढेनन् । 'म डाक्टर भएँ, प्रोफेसर भएँ तर भावनात्मक स्वस्थ र आध्यात्मिक स्वास्थ्यको बारेमा एउटा पनि प्रश्नको हल गर्नुपरेन । अर्थात् यसबारे हामीसँग कुनै प्रश्न नै थिएन' प्रा.डा. रेग्मी सुनाउँछन् ।

स्वस्थ्य हुनुको मापदण्ड के हो ? रोगव्याधिबाट मुक्त तन्दुरुस्त शरीर मात्र यसलाई नाप्ने इकाइ होइन रहेछ ।

विश्व स्वास्थ्य संगठनले यसलाई अरु आयामिक ढंगले परिभाषित गरेको रहेछ । उनी भन्छन्, 'स्वस्थ हुनु भनेको शरीर निरोगी हुनु मात्र होइन । उसको मन पनि स्वस्थ हुनु हो, जसलाई मेन्टल हेल्थ भनिन्छ । उसको भाव पनि स्वस्थ हुनु हो, जसलाई इमोसनल हेल्थ भनिन्छ । उसको चेतना पनि स्वस्थ हुनु हो, जसलाई स्प्रिचुअल हेल्थ भनिन्छ । अर्थात आत्मिक स्वस्थ ।'

शरीर रोगी हुनु वा नहुनुमा मन, भाव र चेतनाको मुख्य भूमिका हुन्छ । 'यस विषयमा म आफैंले अध्ययन गरेको थिएँ' उनी सुनाउँछन्, 'मकहाँ जाँच गराउन आउने सय जना बिरामीमध्ये ४० जनालाई वास्तवमै ट्याबलेटबाट निको नहुने रहेछ ।'

उनी सुनाउँछन्, भनेको उनीहरुको समस्या कानबाट, घाँटीबाट, नाकबाट होइन मनबाट पैदा भएको छ । घाँटीको समस्या छ । तरपनि मनबाट आएको छ किन ? घाँटीमा समस्या भएर आउनेको त यति उन्नत प्रविधि छ, त्यसबाट पहिचान भइहाल्छ । सिटीस्क्यान छ, एमआरआई, इन्डोस्कोपी छ । सबै चिज छ । तर, उसको घाँटीमा अड्किएको चिज पत्ता लगाउन किन सक्दैन ? किनभने त्यो उसको मनबाट आएको छ । अनि यो कुरा पत्ता लगाउने डाक्टर पनि हामीसँग हुनुपर्यो नि ।

'जति पनि शारीरिक रुपमा रोगका संकेतहरु देखिन्छन् ति सबै शरीरबाट आएका होइनन्' उनी भन्छन्, 'धेरै चिज मनबाट आएको छ । मनलाई परिचालित गर्ने चिज छ, भावना । भावनाको गुरु चेतना हो । जब हाम्रो स्वस्थ शरीरबाट उठेर मन, मनबाट भाव र भावबाट चेतनासम्म पुग्दैन तब हामी रोगी नै भइरहन्छौं ।'

### आत्मिक स्वस्थ

स्वास्थ्यको आयामले स्थूल शरीरलाई मात्र समेट्ने होइन रहेछ । शरीर एउटा मामुली चिज रहेछ । त्यो शरीरलाई मनले चलाउने रहेछ । मनलाई भावनाले । र, भावनालाई चैतन्यले । जब उनी आफ्नै बिरामी मनको उपचार खोज्नतर्फ लागे, त्यही बिन्दुबाट फरक आलोकमा प्रवेश गरेको अनुभूत भयो ।

'जर्नी टू इनर बडी' उनी भन्दै गए, 'मैले आँखा चिम्लिएँ र आफैभित्र प्रवेश गरें ।' त्यसक्षण उनलाई के लाग्यो भने, यावत् दुःखको कारण अरु होइन रहेछ । उनलाई अरुले लखेटेको होइन रहेछ । खेदो खनेको होइन रहेछ । रिस, डाहा गरेको होइन रहेछ ।

बरु यो त आफ्नै मनको विकार रहेछ ।

मनमा यस्तो विकार कसरी पैदा भयो ? मनको तहमा पुगेर मन्थन गर्दा उनलाई लाग्यो यो दोष भावनाको हो । अर्थात भावको । मनलाई शुद्ध गर्न भाव चोखो हुनुपर्छ । उनी भावनाको तहमा पुगे र भावनालाई चलाउने अरु केही छ भन्ने बुझे । भावनालाई चैतन्यले नियन्त्रण गर्नेरहेछ । अनि चैतन्यको तहमा पुग्ने एउटै माध्यम रहेछ, अध्यात्म ।

'त्यो भागदौड, घम्साघम्सी, दुखेसो, गुनासो, लोभ, ईर्ष्याबाट फुत्त उम्किएर मैले जीवन र आफ्नो चिकित्सा पेशालाई नयाँ ढंगबाट बुझ्नुपर्छ भन्ने लाग्यो' उनी सुनाउँछन्, 'अहिले आँखा खोल्दा मैले जे–जे देखिरहेको छु, त्यो दुनियाँ मात्र दुनियाँ होइन । यो सम्पूर्णतालाई बुझ्न त आँखा चिम्लिनुपर्छ भन्ने लाग्यो ।'

उनले आँखा चिम्लिंए र प्रश्न गरे, 'म को हुँ ?'

यही प्रश्नले डोऱ्याउँदै उनलाई अध्यात्मको नजिक पुऱ्यायो ।

### अध्यात्म : सम्पूर्ण स्वस्थताको स्रोत

अध्यात्म कुनै धर्म होइन । यो त आफैंलाई बुझ्ने एउटा विज्ञान हो । जसले आफैंभित्र प्रवेश गरेर आफूसँग भएको दिव्य शक्ति पहिल्याउने मेलो दिन्छ ।

उनी सुनाउँछन्, 'यसले मनोविकारबाट मान्छेलाई मुक्त राख्छ । रिस, डर, घृणा, मोह, हिंसा बाँकी रहँदैन । बरु, प्रेम, करुणा र हार्दिकताले हराभरा हुन्छ ।'

जसले आफूमा आध्यात्मिक चेतनाको विकास गर्छ, उनी दुनियाँमा दोष र दुःख देख्दैनन् । दुनियाँमा गुनासो र गन्थन देख्दैनन् । दुनियाँमा दरिद्रता र दिक्दारी देख्दैनन् । यी सबैको स्रोत मन हो र मनलाई नै शुद्धीकरण गर्नुपर्छ भन्ने बोध गर्छन् ।

जब मन र भावना शुद्ध हुन्छ । चेतना जागृत हुन्छ । यसको प्रभाव उसको स्थूल शरीरमा पर्छ । आनन्दको भावमा स्थिर रहने एउटा मान्छे कहिल्यै रोगी हुँदैन ।

'मान्छेको शरीर, मन, भावना र चेतना तन्दुरुत भएपछि नै ऊ सम्पूर्णमा स्वस्थ रहन्छन्' सारमा उनी भन्छन्, 'यसको सहज माध्यम हो–योग, ध्यान र प्राणायाम ।' *(स्रोतः अनलाईनखबर)*

# अधिकारको लडाई, आरक्षण र सामाजिक विभेद



✍ भागीरथी भट्ट

नेपालको संविधान २०७२ ले हरेक निकायमा महिला सहभागिता ३३ प्रतिशत हुनुपर्ने व्यवस्था गरेको छ । तर अहिलेको परिवेशमा यो अपर्याप्त छ । किनभने महिला भन्ने वित्तिकै दोस्रो दर्जाका रूपमा हेर्ने पात्र, प्रवृत्ति र संस्कृति अझै पनि व्याप्त छ । संविधानमै महिलाको अनिवर्या सहभागिता ३३ हुनु राम्रो हो । बाँकी चाहिँ ६७ प्रतिशतमा पनि महिलाले प्रतिस्पर्धा गर्न पाए पनि महिलाको लागि त्यो अवसरमा पर्नु निकै कठिन चुनौती हो । किनभने नेपाली समाजमा महिलाले अवसरमा प्रतिस्पर्धा गर्नेभन्दा ठूलो जिम्मेवारी घरपरिवार सम्हाल्नुपर्ने अवस्था अझै छ । त्यसैले संविधानबाटै महिलालाई कमजोर देखाइनु आश्चर्यजनक विषय हो ।

विकसित समाजमा समान सहभागिता खोजिन्छ । महिला र पुरुषको क्लस्टर छुट्याइनु विकसित समाजको अभ्यास होइन । महिला र पुरुष बराबर हुन् भन्ने भाष्य हरेक समुदाय र राष्ट्रले निर्माण गर्न सक्नु पर्छ । तब मात्रै महिला पुरुष बराबर हौं भन्ने व्यवहारको विकास हुन्छ ।

महिला अधिकार संरक्षण र संवर्धन गर्न विभिन्न सङ्घ, सङ्गठनहरु स्थापना भएका छन् । महिला अधिकारकर्मीहरुले महिलाको विकास र सहभागितासम्बन्धी कामलाई अझ व्यवस्थित र प्रभवकारी ढङ्गले गर्न चाहन्छन् । तर त्यस्ता संस्थामा पनि महिलाले महिलालाई विभेद गरेका, महिलाले नै महिलाको विकास र विस्तारका लागि अवरोध बनेका विषय छायामा पर्छन् । यस्तो विषय उठान गर्न पनि महिला अधिकारकर्मीहरु पछि पर्नु हुँदैन । पुरुषसँग अधिकार खोस्नका लागि महिलाबाटै महिलाहरु पछि नपरुन् । महिलाबाटै महिला पीडित नबनून् । दशकौँदेखि महिलाले भोगेका दुःख, कष्ट र उत्पीडनका भोगाइ सुनाइ नसक्नु छन् ।

समाजमा पितृसतात्मक सोचले जरो गाढेर बसेको छ । ती जरा उखेलेर फाल्न अझै केही समय लाग्ने देखिन्छ । यसका लागि महिलाहरूले सशक्त र प्रभावकारी रुपमा पहल कदमी चाल्न अपरिहार्य छ । आफ्ना धारणा, विचार र अमूर्त कुरा बुझ्ने क्षमताको कमीका कारण सरुवाती दिनमा आफू पीडित भएको थाहा हुँदैन । पीडित भएको थाहा भए पनि बोल्ने साहस र हिम्मत हुँदैन । तर समाजमा घट्ने एकपछि अर्को घटना, महिलाहरुले भोग्नुपरेका ती दर्दनाक पीडालाई नजिकबाट नियाल्दा, दिनप्रतिदिन विस्तार भइरहेको सामाजिक सञ्जालको प्रयोग र सञ्चार माध्यमको साहयताले पनि व्यक्ति आफू पीडित बनेको महसुस गर्न सक्छ, बुझ्न सक्छ ।

सामान्यतः पितृसत्ता भन्नाले पिता या 'कुलपति' को सत्ता भन्ने बुझिन्छ । विभिन्न क्षेत्र, सङ्गठन हेर्दा पुरुष प्रमुख वा सर्वेसर्वा हुन्छ । पितृसत्तामा पुरुषले स्थान पाउँछ । आजभोलि यस शब्दलाई धेरैले पुरुषप्रधानका रुपमा व्याख्या पनि गर्छन् । सृष्टिमा समान रुपमा विकसित भएका नारी र पुरुषको आफ्नै महत्व र भूमिका हुन्छ । ती दुईवटैका आफ्नै विशेषता हुन्छन् । तर उनीहरुको लिङ्ग विभेदको मानक बन्छ । एउटा बच्चाले यो संसार देख्न नपाउँदै आमाको गर्भबाटै उसले विभेद भोग्नुपर्ने विडम्बना हाम्रो समाजमा छ । छोरा भए पाल्ने र छोरी भए फाल्ने गलत प्रवृत्ति एउटा संस्कृतिका रुपमा स्थापित भएको छ । बच्चा जन्मिसकेपछि पनि छोरालाई बोर्डिङ र छोरीलाई सरकारी विद्यालय पढाएर आमाबुवाले थप कलिलै उमेरमा कहिल्यै नमेटिने अमिलो विभेद स्थापित गरिदिन्छन् । यस्ता कार्यले त्यो बच्चाको कलिलो मानसपटलमा कस्तो प्रभाव पार्ला ?

हरेक समाजमा पितृसत्ताको स्वरुप फरक छ । तर विभेद समान छ । यो विभेदको विषयमा विभिन्न कालखण्डमा विभिन्न आन्दोलन नभएका होइनन् । तर ती आन्दोलन आन्दोलनमै सीमित बने । आमाको पेटबाट सुरु भएको विभेद, एउटा घर, समाज हुँदै राष्ट्रिय समस्याका रुपमा विस्तार हुन्छ । नेपालको इतिहासमा आममहिलाका तर्फबाट उठेका आन्दोलनको सन्दर्भमा हेर्दा योगमाया न्यौपानेको समूहले तत्कालीन समयमा गरेको सांस्कृतिक सामाजिक विद्रोहलाई आन्दोलनको थालनीका रुपमा लिन सकिन्छ । यसमा तर्क र विवाद गर्न सकिने धेरै ठाउँ भए पनि आम महिलाको मुद्दामा शासकहरुलाई चुनौती दिएको देखिन्छ । द्वारिकादेवी ठकुरानी र मङ्गलादेवी सिंहले नेपाली महिलाको हक अधिकारका लागि गर्नुभएको सङ्घर्ष पनि इतिहासका पानामा लेख्न लायक छ ।

विभिन्न कालखण्डमा महिला अधिकार र सहभागिताबारे विभिन्न विद्रोह भएका छन् । यस्ता विविध आन्दोलन र विद्रोह भए पनि विभेदको अन्त्य भने हुन सकेको छैन । नारीलाई दोस्रो दर्जाका रुपमा हेरिने परिपाटी र पितृसत्ताले निर्माण गरेका नीति, नियम र व्यवहारमा हुने लैङ्गिक विभेदले धेरै समस्या निम्त्याएको छ । कुनै न कुनै हिंसाबाट महिला पीडित भएका छन । तर ती विषय भने बाहिर आउन सकेका छैनन् । कुनै ठाउँमा पीडित महिलालाई धम्क्याएर प्रमाण नष्ट गरेका तथा लुकाएका उदाहरण प्रशस्त छन् ।

नेपालमा पनि महिलाहरू उच्च पदमा पुगेका छन् । नेतृत्व तथा निर्णायक भूमिकामा कतिपय महिला पुगेका छन् । तर उनीहरुले महिलाको हक अधिकार प्रदान गर्ने, व्यवहारमा उतार्ने विषयमा भने कमजोर देखिएका दृष्टान्त छन् ।

अझै पनि सुदूर–कर्णालीका विकट जिल्लाका महिला तथा किशोरीले पुरुषबाट विभेद सहेर बस्नुपर्ने बाध्यता छ । कतिपयले पीडा सहन नसकेर अकालमै मृत्युवरण गर्नुपरेका घटनाहरू गणना गर्न नसकिने अवस्थामा छन् । एउटा विद्यालयन तहमा पढ्दै गरेकी किशोरीले विद्यालयको कुनै अतिरिक्त क्रियाकलापमा भाग लिन पनि सकस भोगको घटना प्रयाप्त छन् । छोरी मान्छे भएर बाहिर घुम्न जानु हुँदैन । राति घर बाहिर बास बस्नु हुँदैन भन्ने

...बाँकी पृष्ठ ३ मा

# "परिकल्पना गरेको जस्तो अवस्थामा बालसुधारगृहहरु छैनन्"

केही समय यता बालसुधारगृहको व्यवस्थापनको विषय निक्कै पेचिलो बनेको छ । बालसुधारगृहको व्यवस्थापन पक्ष कमजोर भएको भन्दै बालसुधार गृहमा रहेका बालकहरू आन्दोलित बनेका छन् । केही समय अघि भक्तपुरको बालगृहमा एक बालकको मृत्यु भएको थियो भने बालक मृत्युको घटनालाई लिएर आन्दोलनमा उत्रिएका नेपालगन्जमा एक बालकको मृत्यु भयो । बालसुधारगृहको व्यवस्थापनकै सन्दर्भमा हाम्री संवाददाता सुमिना चौलागाईले सिबिन बालहेल्पलाइन हेटौँडाका प्रमुख झविन्द्र ज्ञवालीसँग गर्नुभएको कुराकानीको सम्पादित अंश:



**झविन्द्र ज्ञवाली**
**प्रबन्धक, सिबिन बालहेल्पलाइन हेटौँडा**

***समाजः अहिले देशका अधिकांश बालसुधारगृहमा झगडा, हत्या भइरहेको छ ? किन यस्तो भइरहेको छ ?***

**ज्ञवाली**: बालसुधारगृहमा क्षमता भन्दा बढि बालबालिका रहनु र बालसुधारगृहको पूर्वाधार अवस्था र भौतिक संरचनामा समस्या रहेको छ । बालगृहसुधारमा अध्ययनलाई कानुनले सुनिश्चित गरेको छ तर जुन युनिसेफद्वारा र नेपाल सरकारद्वारा संचालित वीरगंज, रुपन्देही, डोटि र मकवानपुरको बालगृहमा विद्यालयको व्यवस्था छैन । बालबालिकामा शिक्षाको अवस्था समस्याको अवस्था छ र बालबालिकाले पाउनु पर्ने सुविधाको कमिका कारण पनि यस्ता घटना भइरहेका छन् ।

***समाजः बालसुधारगृहमा कस्तो अपराध गरेका बालबालिकालाई राखिन्छ ?***

**ज्ञवाली**: नेपालमा सबैभन्दा बढी जबर्जस्तीकरणीका घटनामा संलग्न बालबालिका बालसुधारगृहमा रहेका छन् । यस्तै लागुपदार्थ ओसारपसार, कर्तव्य ज्यान मुद्दा, अप्राकृतिक मैथुन, चोरी, अपराध आदिमा रहेका छन् ।

***समाजः मकवानपुर जिल्लामा रहेको बालसुधारगृहको अवस्था कस्तो छ ? तपाइहरुले कसरी हेरिरहनु भएको छ ?***

**ज्ञवाली**: नेपालमा ८ वटा बालसुधारगृह छन् । सबैको प्रकृति एउटै जस्तो छ । हेटौंडामा रहेको बालसुधारगृह पूर्ण बालमैत्री छैन, विद्यालय पनि संचालन हुन सकेको छैन । आवश्यक कर्मचारी नभएको र क्षमता भन्दा बढि बालबालिका रहेका छन् । मकवानपुरमा रहेको बालगृह पनि अरु बालगृह जस्तै र हेको छ ।

***समाजः बालसुधारगृहको हिसाबले बालबालिकाहरु कस्तो हुनुपर्ने हो ?***

**ज्ञवाली**: हामीले जस्तो लगानी गरेका छौ त्यस्तै भइरहेको छ । हामीले परिकल्पना गरेको जस्तो अवस्थामा बालसुधार गृहहरु छैनन् । बालसुधारगृहबाट पुनर्स्थापना भइसकेका बालकहरुको अवस्था केही हदसम्म सुधार भएको छ । तर बालसुधारगृहमा राख्ने तरिका, दिने सेवा सुविधा, भौतिक संरचनाहरु, शिक्षाको उपलब्धता नमिलेका कारण यस्तो भएको हो । यो सरकारले मिलाउनु पर्छ ।

***समाजः बालसुधारगृहमा बालक धेरै छन् कि बालिका धेरै छन् ?***

**ज्ञवाली**:नेपाल अधिराज्यभर ४३ जना बालिकाहरु रहेका छन् । बालिकाहरु सबैलाई काठमाडौंमा राखिएको छ । अरु एक हजार एक सय सात जना बालकहरु विभिन्न बालसुधार गृहमा रहेका छन् ।


# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

## साथी तिम्रो साथ

## बालकविता



✍ **स्वजल पौडेल**

सानै छ हाम्रा हात र पाउ
कोमल छ हाम्रो मन
पढेर ठुलो मानिस बन्ने
सपना हाम्रो छन्
किताब र कापी बोकेर हामी
स्कुल जान्छौं नि ।
साथी र भाइ सबैलाई हामी
समान ठान्छौं नि ।
आमा दिन्छिन मिठो माया
बगैंचाको फूल झैं
बाबा पनि दिनुहुन्छ माया
तर अलि कडा भई

*कक्षा-४*



✍ **रिसन भुजेल**

नदि सरी बग्दै गएछु भने म भेटौंला सागर पुगी
बगर भै कहिँ अडिएँ भनें पत्थरमा खोज्छौ कति
खाउँ ठक्कर मै जंघारमा नदुखोस् तिमीलाई रति
तिम्रै साथ मिलिरहोस् सँधै पाउँछु यो जीवन जति

तिमीसँग छुट्नुको दुःख म कहाँ खप्न सक्छु र साथी ?
तिम्रो साथको खुसी म कहाँ व्यक्त गर्न सक्छु र साथी ?
उपहार हौ तिमी मेरा लगि कहाँ गुमाउन सक्छु र साथी ?
यो जुनीमा तिम्रो साथ पाउनु मेरो भाग्य नै हैन र साथी ?

कहिल्यै नछुटोस् अजम्बरी बनोस् सँधै यो हाम्रो साथ
आउ आज एउटा वाचा गरौं हामी राखेर हातमा हात
सँधै साथ दिनेछौं एक अर्कालाई चाहे दिन होस् या रात
सबै कुरा बिर्से पनि हामी कहिल्यै बिर्सने छैनौं यो बात

*कक्षा-१०*


# कोरोना खोप विकासमा संलग्न २ जना वैज्ञानिकलाई नोबेल पुरस्कार

काठमाडौं: यस वर्षको चिकित्साशास्त्रतर्फको नोबेल पुरस्कार कोरोना भाइरसविरुद्धको खोप विकासमा संलग्न अमेरिकी वैज्ञानिकद्वय डा. क्याटलिन कारिको र डा. ड्रयु वाइसम्यानले संयुक्तरूपमा प्राप्त गर्नुभएको छ ।

कोरोना भाइरसविरुद्धको खोप बनाउन प्रविधिको विकास गरेबापत उहाँहरूलाई नोबेल चिकित्सा पुरस्कार प्रदान गर्ने निर्णय गरेको नोबेल पुरस्कार कमिटिलाई उद्घृत गर्दै बीबीसीले जनाएको छ । स्विडिस एकेडेमीले सोमवार एक कार्यक्रमका बीच चिकित्सातर्फको नोबेल पुरस्कार विजेताको घोषणा गरेको हो । विजेतालाई स्वर्ण पदक र संयुक्तरूपमा १० लाख अमेरिकी डलर दिइनेछ ।

सन् २०१९ मा कोरोना शुरु भए पनि यी वैज्ञानिक एमआरएनए खोप विकासका लागि त्यसअघिदेखि नै अनुसन्धानमा खटिएका थिए । एमआरएन प्रविधि क्यान्सरसहित अरू रोगविरुद्धको खोप विकासका लागि समेत भइरहेका अनुसन्धानमा प्रयोग भएको छ । कोरोना महामारीका बेला मोडर्ना, फाइजर /बायोएनटेक लगायतका कम्पनीले एमआरएनए प्रविधिमा आधारित खोप बनाएका थिए । कोरोनाविरुद्धको खोपले लाखौं मानिसको ज्यान जोगाउन सफल भएको समेत नोबेल कमिटीले जनाएको छ ।

यस वर्षको भौतिक शास्त्रतर्फको नोबेल पुरस्कार आज अक्टोबर ३, रसायन शास्त्रतर्फको अक्टोबर ४, साहित्यतर्फ अक्टोबर ५, शान्तिका लागि अक्टोबर ६ र अर्थशास्त्रका लागि अक्टोबर ९ मा विजेता घोषणा गर्ने नोबेल कमिटीले जनाएको छ । स्रोत: उज्यालो अनलाइन ।

## अधिकारको लडाई...

सोच अझै पनि अधिकांश समुदायमा छ । यी घटना सम्झिँदा अझै पनि मन झसङ्ग हुन्छ ।

पङ्क्तिकारकै कुरा गर्दा अहिले कुनै राजनीतिक दलका भ्रातृ संस्थामा आबद्ध छ । विद्यार्थी राजनीतिक गर्दै गर्दा अधिकांश पुरुषहरूले भन्ने कुरा हो, 'अब उपमेयर लड्नु पर्छ ।' हुन त ती पुरुष मित्रहरूले मलाई श्रद्धापूर्ण ढङ्गले पनि भनेका हुन सक्छन् । तर त्यसलाई म पितृसत्तात्मक सोचका रूपमा लिन्छु । ती पुरुष मित्रहरूलाई म प्रश्न गर्न चाहन्छु- मैले उपमेयरकै लागि तयारी किन गर्नु पर्ने ? म मेयरका लागि चुनाव लड्न असक्षम हो ? महिलाले मेयरका लागि चुनाव लड्न नपाइने हो ? कि म महिला भएकै कारण उममेयरमै चित्त बुझाउनु पर्ने हो ? महिलाले जहिले पनि क्लस्टर वा सामानुपातिकमा मात्रै लड्नु पर्ने हो ? यो मानसिकता कहिलेसम्म ?

नेपालको संविधान २०७२ मा छिद्र खोजेर महिलाको हक अधिकार कुण्ठित गर्ने क्रम रोकिएको छैन । राजनीतिक प्रणाली फेरिए पनि नारीमाथि अन्याय र असमानता अन्त्य भएको छैन । नारीलाई कमजोर तथा शक्तिहीन ठानेर पन्छ्याउने परिपाटीको अन्त्य हुन सकेको छैन । ससाना पददेखि उच्च पदसम्म बहुमत नेतृत्व पुरुषकै छ । राज्यका अधिकांश स्थानीय तहमा प्रमुख पदमा पुरुष नै छन् । महिला समानुपातिकमा सीमित भएको अवस्था छ । संविधानले दिएको ३३ प्रतिशतको कोटा पुर्याउनकै लागि मात्रै पनि महिलालाई पद दिए जस्तो गर्ने पात्र र प्रवृत्तिको अन्त्य हुन सकेको छैन ।

घरको भान्सादेखि हुने महिलामाथिको विभेद देशको सर्वोच्च निकायमा पनि देखिन्छ । घरको कामकाज र समाजको व्यवहारमा महिलामाथि हुने र गरिने भेदभाव, अपमान, नियन्त्रण, शोषण तथा हिंसा त्यही पितृसत्ताका विभिन्न रूप हुन् । हामीले पुरुषको पितृसत्तात्मक सोचविरुद्ध आवाज उठाएर अगाडि बढ्न सकेमा महिलामैत्री समाज निर्माण गर्न टेवा पुग्छ । महिलाप्रतिको व्यवहार परिवर्तन गर्न सकेमा पुरुषको वर्चस्व न्यून हुन सक्छ । तब मात्रै समाजमा समानताको बिगुल बजाउन सकिन्छ । नारामा समानताको संज्ञा दिएर व्यवहारमा अपमानको अराजकता अबको महिलाले कदापि सहन सक्दैनन् ।

बैतडी ।*(स्रोत: रातोपाटी)*

# प्रहरीमा १ सय ८८ मुद्दा दर्ता

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरमा १ सय ८८ मुद्दा दर्ता भएको छ । कार्यालयमा साउन र भदौ २ महिनाको अवधिमा विभिन्न प्रकृतिका १ सय ८८ मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

दर्ता भएका मुद्दामा लागूऔषध ४३ वटा, फुटकर ज्यान २२ वटा, झुण्डिएर मृत्यु २१ वटा, अभद्र व्यवहार २० वटा, बैंकिङ कसुर १९ वटा, विष सेवन गरी मृत्यु १३ वटा, जबरजस्ती करणी ११ वटा, चोरी तथा डाँका ७ वटा, बाल यौन दुरुपयोग ६ वटा र अन्य २६ वटा छन् । मुद्दा दर्ता भएकामध्ये प्रहरीले १ सय ५८ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा १ सय २६ जना पुरुष, २२ जना महिला र १० जना विदेशी छन् । प्रहरीले २ महिनको अवधिमा २९ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

मकवानपुरमा पछिल्लो समय लागूऔषधको मुद्दा बढ्दै गएको छ । लागूऔषधका ४३ वटा मुद्दा दर्ता भएकोमा प्रहरीले ६८ जनालाई पक्राउ गरेको छ । गत आर्थिक वर्ष २०७९/०८० मा कार्यालयमा लागूऔषधका १ सय ५३ मुद्दा दर्ता भएकोमा प्रहरीले २ सय ४८ जनालाई पक्राउ गरेको थियो । दिन प्रतिदिन लागूऔषधको मुद्दामा प्रहरीले उच्च संख्यामा अभियुक्त पक्राउ गर्दै आएको छ ।

प्रहरीले २ महिनाको अवधिमा १ हजार १ सय ८८ किलो ८ सय २० ग्राम लागूऔषध गाँजा बरामद गरेको छ । यस्तै, खैरो हिरोइन २१ ग्राम ७६० मिलिग्राम, चरेश १०५ ग्राम, कोरेक्स २ सय ७८ बोतल, नाइट्राभेट ४३ ट्याब्लेट, डाइजापाम ३ हजार ९ सय १० एम्पुल बरामद गरेको छ । लागूऔषध ओसार पसारमा प्रयोग गरिएको ८ वटा सवारी साधन प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै, प्रहरीले भन्सार छली गरी ल्याइएका समानहरुसहित २ महिनाको अवधिमा ११ जना मानिसलाई नियन्त्रणमा लिएको छ । प्रहरीले २ करोड १४ लाख ३७ हजार ८ सय ९१ रुपैयाँ बराबरको सामान र सवारी साधन नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिएको साधन, सामान वीरगञ्ज भन्सार कार्यालय र राजश्व कार्यालय पथलैयामा पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।


*सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्थाद्वारा संचालित*

## मकवानपुर सहकारी अस्पताल

हेटौंडा-१, भिन्तुनापथ

## कर्मचारी आवश्यकता सम्बन्धी सुचना

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०६/११ गते)*

यस मकवानपुर सहकारी अस्पतालको फार्मेशी शाखाको लागी तपशिल अनुसारको कर्मचारीहरु आवश्यकता परेको हुँदा योग्यता पुगेका १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका नेपाली नागरिकहरुबाट सुचना प्रकाशित मितिले ७ (सात) दिन भित्र आवेदन आव्हान गरीन्छ ।

| सि. नं. | पद | योग्यता | आवश्यक संख्या |
|---|---|---|---|
| १. | वि.फार्मासिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट Bachlor in Pharmcy उत्तीर्ण भएको | १ जना |
| २. | डि. फार्मासिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Pharmacy उत्तीर्ण भएको | २ जना |

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१. आवेदन सहित हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो
२. ब्यक्तिगत विवरण (Bio–data)
३. नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि- १ प्रति
४. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि- १ प्रति
५. नेपाल फार्मेशी काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
५. तलिम तथा सम्बन्धीत क्षेत्रमा काम गरेको अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि- १ प्रति

**आवेदन पेश गर्ने अन्तिम मिति**: २०८०।०६।१८ गतेसम्म ।
सम्पर्क मिति: २०८०।०६।१९ गते ।
परीक्षा मिति र स्थान: सम्पर्क मितिको दिन तोकिने छ ।
परीक्षाको किसिम: अन्तरवार्ता
विस्तृत जानकारीको लागि निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**मकवानपुर सहकारी अस्पताल**
**हेटौंडा-१, भिन्तुनापथ**
**फोन : ०५७-५२६५८५७**



## कर्मचारी आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित: मिति: २०८०/०६/१५)*

प्रस्तुत विषयमा यस संस्थामा कर्मचारी आवश्यकता भएको हुँदा तपशिल वमोजिमका योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट हस्तलिखित निवेदनसहित आवश्यक कागजात संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र संस्थाको मुख्य कार्यालयमा बुझाउन सुचित गरिन्छ ।

| विज्ञापन नं. | पद, तह, संख्या | योग्यता तथा अनुभव | उमेर |
|---|---|---|---|
| १-२०८०/०८१ | पद : जुनियर सहायक<br>तहः तेस्रो<br>संख्याः १<br>नियुक्तिको किसिमः स्थायी | दस्तुर शुल्कः ५००/-<br>शैक्षिक योग्यताः दश जोड दुई (१०+२) उत्तीर्ण वा सो सरह, कम्प्युटर सम्बन्धी ज्ञान भएको, सवारी चालक अनुमतिपत्र प्राप्त भएको र सम्बन्धित क्षेत्रको अनुभव प्राप्त भएकोलाई प्राथमिकतामा राखिनेछ । | ३५ वर्ष ननाघेका |

**आवश्यक कागजातहरू:**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२) वायोडाटा ।
३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४) कम्प्युटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
५) पासपोर्ट साईजको फोटो १ प्रति ।
६) परिक्षाको किसिमः लिखित, मौखिक र प्रयोगात्मक ।
७) दरखास्त दिने अन्तिम मितिः २०८०।०६।३०
८) दरखास्त दिने स्थानः हातेमालो साकोस मूख्य कार्यालय, हेटौंडा(२
९) सम्पर्क मितिः २०८०।०७।०१ गते कार्यालय समय भित्र ।
१०) परीक्षा मितिः सम्पर्क मितिमा जानकारी गराईनेछ ।
विस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्कः ०५७-५२६५२१/९८५५०७६५२१

**पदपूर्ति उप-समिति**
**हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-२, मकवानपुर**

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


# ग्रामीण असहायको साधारणसभा, अध्यक्षमा काफ्ले

समाज संवाददाता

हेटौँडाः हेटौँडा-११ स्थित ग्रामीण असहाय बालबालिका सामुदायिक पुनर्स्थापना केन्द्रको पन्ध्रौ वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ । जोखिममा रहेका बालबालिकाको संरक्षण र शिक्षामा सहयोग गर्दै आएको केन्द्रकी अध्यक्ष सुमित्रा काफ्लेको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा वडा अध्यक्ष जुना दाहाल, हेटौँडा उपमहानगरपालिकाको महिला तथा बालबालिका विकास महाशाखाकी प्रमुख विष्णुकुमारी लामिछानेको पनि उपस्थिति रहेको थियो ।

केन्द्रले जोखिममा रहेका २६ जना बालिका तथा किशोरीलाई आफ्नै बालगृहमा राखी उनीहरुको शिक्षा र सीप विकासमा केन्द्रले आवश्यक कार्य गर्दै आएको छ । साधारणसभामा अध्यक्ष काफ्लेले संस्थाको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । केन्द्रले मकवानपुर जिल्लाको हेटौँडा उपमहानगरपालिकासँगै बागमती, बकैया र राक्सिराङ गाउँपालिकाका बालबालिकाको शिक्षामा सहयोग गर्दै आएको छ । विद्यालय तहमा अध्ययनरत २ हजार २ सय ५२ जना विद्यार्थीलाई विद्यालय पोशाकसँगै शैक्षिक सामग्री सहयोग गर्दै आएको छ ।

केन्द्रले विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावकका लागि विद्यार्थी सहयोग परियोजनाका बारेमा अभिमुखीकरण गरेको कार्यक्रम संयोजक केदार आचार्यले जानकारी दिनुभएको छ । साधारणसभाले सुमित्रा काफ्लेकै अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति चयन गरेको छ । केन्द्रको उपाध्यक्षमा कृष्णगोपाल बर्तौला, सचिवमा महेन्द्र चापागाई, कोषाध्यक्षमा गुणराज पाठक, सदस्यमा प्रद्युम्न उपाध्याय, सुवाषचन्द्र कट्टेल, हरि कुमार शर्मा, प्रेमा सुवेदी र अजिता कटुवाल निर्वाचित सर्वसम्मत निर्वाचित भएका छन् ।

# हेटौंडा अस्पताललाई शिक्षण अस्पताल बनाउन माग

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा रहेको हेटौंडा अस्पताललाई शिक्षण अस्पतालको रुपमा विकास गर्न माग गरिएको छ । आइतबार नेपाली कांग्रेस मकवानपुर, नेकपा माओवादी केन्द्र मकवानपुर र नेपाल एकीकृत समाजवादी मकवानपुरले संयुक्त रुपमा बागमती प्रदेश सरकारका मन्त्री र प्रदेश सभा सदस्यलाई ज्ञापनपत्र बुझाएका छन् ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले भौतिक संरचना निर्माण गरिरहेको उल्लेख गर्दै आउँदो दिनमा प्रतिष्ठान सञ्चालनमा समस्याहरु आउने देखिएकाले हेटौंडा उपमहानगरपालिका-१९ लेवटमा १०० वा १२५ विगाह जमिन लिएर सबै संरचना एकै ठाउँमा निर्माण गर्दा उपयुक्त हुने सुझाव समेत मागपत्रमा उल्लेख गरिएको छ । यस्तै बागमती प्रदेश सरकार तथा प्रदेश सभा सदस्यलाई प्रतिष्ठानलाई आवश्यकता अनुरूपको बजेट छुट्याई छिटो पूर्णता दिनका लागि पनि ध्यानाकर्षण गराएको छ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको आफ्नो अस्पताल सञ्चालनमा नआएसम्म हेटौंडा अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रयोग गर्ने व्यवस्था मिलाएको छ । यो पूर्णरुपमा सञ्चालनमा आउँदा ५०० वेडको अस्पताल आवश्यक पर्ने उल्लेख गर्दै त्यसको व्यवस्थापनका लागि उच्च विज्ञ चिकित्सक आवश्यक हुने ज्ञापनपत्रमा उल्लेख गरिएको छ । हालको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको व्यवस्था गर्न बनेको ऐनलाई विस्थापित गरेर दुवैको फरक लक्ष्य उद्देश्य पूरा गर्न प्रतिष्ठानले छुट्टै ऐन ल्याई अगाडि बढ्न माग गरिएको हो ।

# वृद्धाश्रमलाई विद्युतीय चुल्हो र खाद्यान्न सहयोग



इन्डक्सन (विद्युतीय चुल्हो हस्तान्तरण गर्दै विद्यार्थी ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा १२ कक्षामा अध्ययनरत विद्यार्थीले हेटौँडा-२, चौकीटोलस्थित ओम वृद्धाश्रमलाई सहयोग गरेको छ । कक्षा-१२ मा प्रमुख विषय अंग्रेजी विषय लिई अध्ययन गरिरहेका विद्यार्थी र प्राध्यापकको एक समूहले सोमबार बिहान आश्रममै पुगेर आश्रमको आवश्यकताअनुसार एउटा इन्डक्सन (विद्युतीय) चुल्हो र खाद्यान्न सामग्री गरी करिब १० हजार रुपैयाँ बराबरको सहयोग गरेको हो ।

खाद्यान्नअन्तर्गत एक बोरा चामल, एक बोरा प्याज, एक क्रेट अण्डा र एक काटुन जुस सहयोग गरिएको छ । विद्यार्थीहरु कक्षामा अनुपस्थित हुँदा जरिवानाको व्यवस्था गरी संकलित रकमबाट आश्रमलाई सहयोग गरिएको हो । विद्यार्थीसँगै प्राध्यापकले पनि केही रकम सहयोग गरेका थिए । अहिले वृद्धाश्रममा २५ जना ज्येष्ठ नागरिक आश्रित हुनुहुन्छ । आश्रम सञ्चालक समितिका सदस्य किशोर ढकालका अनुसार आश्रममा वार्षिक ३ लाख रुपैयाँ बराबरको खाद्यान्न सहयोग प्राप्त हुने गरेको छ ।

६० वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिकको आश्रित रहेको र उहाँहरु बिरामी भइरहने भएकोले स्याहारमा समस्या हुने गरेको बताइएको छ । अधिकांशमा मधुमेह, उच्च रक्तचाप र दमको समस्या रहेको छ । आश्रमले दैनिकी मधमेह र रक्तचाप परीक्षण गर्ने गरेको छ । परिवार भएका आश्रममा आश्रितलाई सम्भव भएसम्म परिवारमै पुनर्स्थापनाको प्रयास समेत गर्ने गरिएको ढकालले जानकारी दिनुभएको छ ।

# वक्तृत्वकलामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कारमा पुस्तक



वक्तृत्वकलामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कारस्वरुप पुस्तक प्रदान गर्नुहुँदै प्रधानाध्यापक मालती उप्रेती ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१, चाइनाक्वार्टरस्थित अमर माविले वक्तृत्वकला प्रतियोगितामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कारस्वरुप पुस्तक प्रदान गरेको छ । "व्यक्तित्व विकासमा विद्यालयको भूमिका" विषयक वक्तृत्वकला प्रतियोगितामा कक्षा ९ का विद्यार्थीको सहभागिता रहेको थियो ।

गत शुक्रबार भएको प्रतियोगितामा कक्षा ९ ए बाट करुणा श्रेष्ठ प्रथम, शुभम् जोशी द्वितीय, विकल्प अर्याल तृतीय तथा सविना थिङ सान्त्वना भएका छन् । यस्तै कक्षा ९ बीबाट आशिष भण्डारी प्रथम, प्रशंसा सिकारी द्वितीय, युदीप तितुङ तृतीय हुँदा विपिशा सुवेदी र प्रवेश हटुवाल सान्त्वना भएका छन् । प्रतियोगितामा कक्षा ९ ए बाट १३ र ९ बी बाट ११ जना सहभागी थिए ।

विद्यालयकी प्रधानाध्यापक मालती उप्रेतीले उत्कृष्ट विद्यार्थीलाई पुरस्कार स्वरुप निबन्ध र कविता कृतिसँगै प्रमाणपत्र वितरण गर्नुभएको छ । शुक्रबार भएको प्रतियोगिताका उत्कृष्ट विद्यार्थीलाई आइतबार पुरस्कृत गरिएको हो । पुरस्कारमा पुस्तक दिंदा विद्यार्थीले अध्ययन गर्ने नयाँ सामग्री प्राप्त गर्ने र ती पुस्तक पढेर विद्यार्थीले आफ्नो ज्ञानको दायरा फराकिलो पार्न सक्ने अमर माविको नेपाली विषय शिक्षक डीबी बर्तौला बताउनुहुन्छ । पठन संस्कृतिको विकास गर्ने उद्देश्यले विद्यार्थीलाई जिल्लाभित्रकै लेखकका कृति प्रदान गरिएको उहाँको भनाइ छ ।

# सिद्धार्थ शिशु सदनमा वक्तृत्वकला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदनमा 'बालबालिकाको भविष्य' विषयमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगिता विद्यालयको बाल क्लबको आयोजनामा भएको हो ।

कक्षा ८ देखि कक्षा १० सम्मका विद्यार्थीहरुबीच गरिएको प्रतियोगितामा कक्षा ९ की रुसिका लामिछाने प्रथम भएकी थिइन् । यस्तै, अग्रिम खड्का दोस्रो र अस्मिता डिम्डुङ तेस्रो भएका थिए । विजेताहरुलाई पुरस्कारस्वरुप प्रिन्सिपल निर्मल पराजुलीले मेडल वितरण गर्नुभएको थियो ।

# बागमती र बकैयामा खेल सामग्री सहयोग



समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिले सोमबार बागमती गाउँपालिका र बकैया गाउँपालिकाको खेलकुद विकास समितिलाई खेल सामग्री सहयोग गरेको छ । जिल्ला खेलकुद विकास समितिको टोलीले सामग्री सहयोग गरेको मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाले जानकारी दिनुभयो ।

बागमती गाउँपालिका र बकैया गाउँपालिकाको खेलकुद विकास समितिमा एक समारोहबीच १६ हजार रुपैयाँ बराबरको फुटबल कोण, मार्कर र हडर सहयोग गरेको कार्यालय प्रमुख कोइरालाले बताउनुभयो । १४ वर्षभन्दा मुनिका बालबालिकाहरुको प्रशिक्षणमा सहजता प्रदान गर्ने उद्देश्यले खेल सामग्री सहयोग गरिएको उहाँले जानकारी दिनुभयो । सामग्रीले खेलाडीलाई खेलप्रति उत्साह बढाउन र एकअर्काबीच भातृत्व जगाउन पद्दत पुग्ने उहाँको भनाइ छ ।

कार्यक्रममा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्की, कार्यालय प्रमुख माधव कोइराला, खेलकुद विकास समितिका सदस्य उमेश बुढाथोकी, सविन भोलन, भलिबल प्रशिक्षक ईश्वर छत्कुली र न्यु-डाँफे युथ क्लबका अध्यक्ष आलोक स्याङ्तानलागायतको उपस्थिति थियो ।

# विद्यालयस्तरीय फुटबलमा २९ विद्यालयको टिम दर्ता

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा आउँदो असोज १९ गतेदेखि हेटौंडामा हुने विद्यालयस्तरीय फुटबल प्रतियोगिताका लागि २९ वटा विद्यालयको टिम दर्ता भएको छ । प्रतियोगितामा सहभागिताका लागि ९ वटा संस्थागत र २० वटा सामुदायिक गरी २९ वटा विद्यालयले टिम दर्ता गराएको मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवि सुवेदीले जानकारी दिनुभयो ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीहरु वेष्ट कोच, वेष्ट गोलरक्षक, वेष्ट डिफेन्स, वेष्ट फरवार्ड, वेष्ट मिडफिल्ड र खेलको म्यान अफ द म्याचको लागि समेत विशेष पुरस्कारको व्यवस्था गरिएको महासचिव सुवेदीले बताउनुभयो ।

# ८ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः सोमबार मकवानपुरमा ८ जनामा डेंगु पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरण अनुसार सोमबार ८ जनामा डेंगु संक्रमण भएको हो । पुष्टि भएका ८ जनामध्ये ३ जना हेटौंडा उपमहानगरपालिकाका बासिन्दा रहेका छन् ।

यस्तै, मनहरी गाउँपालिकामा २ जना, मकवानपुरगढी गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका र भीमफेदी गाउँपालिकाका १/१ जनामा डेंगु पुष्टि भएको छ । साउन महिनादेखि हालसम्म ५ सय ६३ जनामा डेङ्गु पुष्टि भएको छ । जसमध्ये सबैभन्दा बढी ३ सय ८६ जना हेटौंडा उपमहानगरपालिकाका रहेका छन् ।

Government of Nepal
Ministry of Forests and Environment
Department of Plant Resources
Plant Research Center
Hetauda, Makawanpur

Invitation for Bids

Date of publication: 2080/06/16

The Plant Research Center Makawanpur (PRCM) invites electronic bid for Nepalese eligible bidders for the Procurement of following work under NCB (National Competitive Bidding) procedures.

| S.N. | Contract Identification No. | Brief description of the Works | Total Estimated Amount (with Vat & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | PRC/MAK/NCB/WORK/2080/081-01 | Garden Fencing at Brindaban Botanical Garden Hetauda, Makawanpur | 2997818.71 | 3000.00 | 70,000 |

The bidders shall submit their bids through e-submission procedure only. For more information refer the bid published at www.bolpatra.gov.np
or contact Plant Research Center Makawanpur, 9855013005/9855014003, dpromakwanpur@gmail.com.

Office Chief

स्वादिष्ट नेवारी खाजा

अब



होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli

२०-२५% दशैं विशेष अफर



AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOlER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरू होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।
प्रोप्राईटर: अंकित ढकाल
९८५५०-६२९७७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ